बेसीशहर नगरपालिका
☎ (फोन नं.): ०६६-५२०१५०

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

मितिः २०८२/१२/२०
नेसं.: ११४६ चौलागा त्रयोदशी

**(आर्थिक वर्ष २०८२।०८३ का लागि नदीजन्य पदार्थ संकलन तथा विक्रीको लागि दोस्रो पटक बोलपत्र आव्हान गरिएको सम्बन्धी)**

# सूचना ! सूचना !! सूचना !!!

**(लागू हुने मितिः २०८२।१२।२०)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२।०८३ का बेसीशहर नगरपालिका वडा नं. १, २ र ११ मा पर्ने मर्स्याङदी नदीको मध्यमर्स्याङदी जलबिद्युत केन्द्रको ड्याम साईड क्षेत्रमा रहेका घाटहरुमा जम्मा भएर रहेका नदीजन्य पदार्थ (वालुवा तथा वालुवा मिसिएको ग्राभेल) उत्खनन्, संकलन तथा विक्री कार्यको लागि जिल्ला बिपद व्यवस्थापन समिति, लमजुङबाट स्वीकृत प्राप्त गरी बेसीशहर नगर कार्यपालिकाको मिति २०८२।०९।२८ को वैठकको निर्णयानुसार तपसिल बमोजिमका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२।०९।३० मा पहिलो पटक सूचना प्रकाशन गरिएकोमा तपसीलका घाटहरुमा कुनैपनि बोलपत्र फाराम पेश हुन नआएकोले पुनः दोस्रो पटक १५ (पन्ध्र) दिनको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np वा यस कार्यालयको वेभसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र। सं। | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ. मि.) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/NCB/ 082/83/2 | थारचौर खण्ड (गैरी क्याम्पस पारी) (थारचौर धुपीचौर झोपु तल घुम्तिको खण्ड) | १० | ६५०० | २०६५००० | कबोल अंकको ५% | ३०००।- |

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बेसीशहर नगरपालिका
☎ (फोन नं.): ०६६-५२०१५०
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

| क्र। सं। | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ. मि.) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| २. | Besishaharmun/ Revenue/NCB/ 082/83/6 | गाइखुरे छहरा खण्ड (ख) (राक्से खोला खण्ड क को सिमानादेखि तल प्रतिक्षालय मुनीसम्म) | १ र ११ | १५००० | ४७६५००० | कबोल अंकको ५% | ३०००।- |
| ३. | Besishaharmun/ Revenue/NCB/ 082/83/7 | गाइखुरे छहरा खण्ड (ग) (प्रतिक्षालय मुनी खण्ड ख को सिमानादेखि तल गाइखुरे झरना अगाडी) | १ र ११ | १२००० | ३८२०००० | कबोल अंकको ५% | ३०००।- |
| ४. | Besishaharmun/ Revenue/NCB/ 082/83/8 | क्रसर उद्योग मुनिको खण्ड क (आकासे भिर प्रतिक्षालय मुनिदेखि ११० मि. तलको भाग) | १ | १६५०० | ५२४०००० | कबोल अंकको ५% | ३०००।- |
| ५. | Besishaharmun/ Revenue/NCB/ 082/83/9 | क्रसर उद्योग मुनिको खण्ड ख (खण्ड क को सिमानादेखि तल आकासे भोटे खोल्सिसम्म) | १ | १३२०० | ४२००००० | कबोल अंकको ५% | ३०००।- |
| ६. | Besishaharmun/ Revenue/NCB/ 082/83/10 | बरबोट मुनिको खण्ड (क्रसर उद्योग पारिपट्टि बरबोट मुनिको भाग) | ११ | ४८०० | १५२५००० | कबोल अंकको ५% | १०००।- |

## सूचनाका शर्तहरु

१. कम्पनी वा फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।८२ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय, बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी मितिः २०८३।०१।०६ गतेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्वन्धी कागजातहरु डाउनलोड गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई वोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. वोलपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । वोलपत्रको मान्य अवधि बोलपत्र खोलिने मितिबाट ९० दिनको हुनुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय वेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं। र नाम उल्लेख गरी बोलपत्र खोलिने मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नुपर्नेछ।

३. बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मितिः २०८३।०१।०६ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन मितिः २०८३।०१।०६ गते दिनको १.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा पर्न गएमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक मिति २०८२।१२।२७ गते दिनको १.०० बजे यस कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले १० दिनभित्र मू.अ.कर दर्ता प्रमाण-पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३% भ्याट रकम र १.५% आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ । कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम बोलपत्र अंक बाहेकको कवोल रकममा १०% छुट दिइनेछ । दोस्रो किस्ता बापतको ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरिनेछ । दोस्रो किस्ता बापतको रकम २०८३ साल बैशाख मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ ।

८. यस क्षेत्रबाट नदीजन्य पदार्थको संकलन कार्यमा नदीले पानीको सतहमाथि जम्मा गरेको बालुवा र ग्राभेल मात्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका शर्त तथा सीमा भित्र रहेर तोकिएको परिमाण भन्दा फरक नपर्ने गरी ठूला मेसिन (जेसिभि, एक्साभेटर) प्रयोग गरी संकलन कार्य गर्दा आईई

हुमेन्द्र अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बेसीशहर नगरपालिका
(फोन नं.): ०६६-५२०१५०

# नगर कार्यपालिकाको कार्यालय

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प्रतिवेदनले तोकेभन्दा बढी गहिराईमा र बगरको किनारातर्फको भागमा उत्खनन् तथा संकलनको कार्य गर्न पाईने छैन ।

९. प्रस्तावित क्षेत्रहरु मध्यमर्स्याङदी जलविद्युत केन्द्रको वाँध क्षेत्रमा पर्ने भएकोले प्राधिकरणबाट हुने पानी जम्मा हुने समय, खोल्ने समय लगायत उक्त क्षेत्रको फिल्ड भिजिट, अनुगमन, बाटोको अवस्थाको बारेमा सोही बमोजिम हुनेछ । अन्य कारणले सामाग्री संकलन, उत्खनन् लगायतका कार्यहरुमा बाधा पुगेको भनि राजश्व/कर छुट/मिनाहाको दाबी गर्न पाईने छैन ।

१०. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार अन्य व्यवस्था गरिनेछ ।

११. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१२. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यस नगरपालिकाका खोला तथा नदीहरुको संकलन क्षेत्र र संकलन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिटी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ समेत) वातावरण संरक्षण ऐन तथा नियमावली, यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE)२०८२, नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं अन्य प्रचलित कानूनहरु बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

.................................
सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner